# कागेश्वरी मनोहरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं

बाग्मती प्रदेश, नेपाल

## बिज्ञापन कर सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।०४।१४

यस कार्यालयबाट चालु आ.व. २०७८/०७९ का लागि यस नगरपालिकाको पाँचौं नगरसभाबाट पारित "स्थानीय तहको आर्थिक ऐन, २०७८" बमोजिम यस नगरपालिका क्षेत्रभित्र गरिने विज्ञापनको नगरसभाले निर्धारण गरे बमोजिम विज्ञापन कर संकलन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. दरभाउपत्र फाराम रु.१०००।- (एक हजार) (पछि फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ निवेदन पेश गरे पछि ईच्छुक फर्म वा व्यक्तिले मिति २०७८।०४।२८ सम्ममा कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ । फर्मको हकमा नविकरण गरिएको इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।

२. शिलवन्दी गरिएको दरभाउपत्र मिति २०७८।०४।२९ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । उल्लेखित समयभित्र प्राप्त शिलवन्दी दरभाउपत्र सोही दिनको १:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्रसाथ कामको विवरणमा उल्लेख भए अनुसारको रकम धरौटी वापत यस कार्यालयको एन.आई.सि. एशिया बैंक, थलीमा रहेको स्थानीय तह धरौटी खाता नं. 18CA051127352401 मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र खोल्ने दिनबाट ७५ दिन म्याद भएको सक्कलै बिड बन्ड पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र दाखिला गर्दा खाममा राखी शिलवन्दी खामको बाहिर यस कार्यालयको नाम, शिलवन्दी दरभाउपत्रदाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

५. दरभाउपत्र फाराम खरिद गर्ने, शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।

६. दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

७. दरभाउपत्रदाता फर्मको हकमा उल्लेखित कार्यमा भाग लिन अयोग्य नभएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वघोषणा कागजात दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

८. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कारबाही हुने छैन ।

९. प्रचलित ऐन, नियम अनुसार विज्ञापनमा लाग्ने सम्पूर्ण कर दरभाउपत्रदाता स्वंयमले नै बेहोर्नु पर्नेछ ।

१०. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, कागेश्वरी मनोहरा नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ अनुसार हुनेछ ।

१२. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र फोन नं. ०१-४४५०३५६ मा सम्पर्क गर्न सकिनेछ ।

**कामको विवरण**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | न्युनतम कबोल रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १. | १/२०७८-०७९ | विज्ञापन कर संकलन सम्बन्धी कार्य | रु.११,७५,०००।- |